नेपाल सरकार

# भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

## सडक विभाग

आयोजना निर्देशनालय (ए.डी.बी.),
सासेक रोड कनेक्टिभिटी (एस.आर.सी.पी.)

**नदाहा-कोशीपुल, चतरा-रुपनगर**
**सडक योजना, धरान, सुनसरी**

सूचना नं. : ०१।०७५-०७६,
मिति : २०७५।०४।१८

## मुआव्जा दावीको हदम्याद सम्बन्धी सूचना

यस योजनाको सुनसरी जिल्ला (नडाहा चोक देखि चतरा हुदै कोशीपुल सम्म), उदयपुर जिल्ला (कोशीपुल देखि रामपुर हुँदै त्रियुगा पुल (फत्तेपुर) सम्म र सप्तरी जिल्ला ( फत्तेपुर - कञ्चनपुर सडक खण्ड तथा धरमपुर-रुपनगर सडक खण्ड) को सडक खण्डको सडक सिमा (केन्द्र रेखाबाट १५/१५ मिटर दायाँ, बायाँ) भित्र पर्ने जग्गा, घर, टहरा तथा फलफूलका बोटविरुवाहरुको मुआव्जाको लागि हालसम्म प्रकाशित सूचनामा नपरेका, प्रकाशित सूचनामा क्षेत्रफल नमिलेका, क्षेत्रफल स्पष्ट नभएका जग्गाहरु तथा ठोस प्रमाण हुँदा-हुँदै मुआव्जा नबुझेका जग्गाधनीहरुका साथै अन्य केही गुनासोहरु भएमा यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्रमा आफ्नो कागजातहरुको प्रमाण सहित योजना कार्यालय, धरान-१३, वेशक्याम्पमा सम्पर्क गर्नुहुन अनुरोध छ । योजनाको निर्माण कार्य निकट भविष्यमा नै सम्पन्न हुन गईरहेको हुँदा यो सूचना प्रकाशित भएको मितिले १५ दिन पश्चात कार्यालयमा प्राप्त हुन आएका लिखित निवेदन वा मागदावी उपर कुनै किसिमको कार्यवाही गर्न नसकिने भनि सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**योजना प्रमुख**